# भगवतीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पगनाथ, दैलेख

**कर्णालीप्रदेश, नेपाल**

भगवतीमाई गाउँपालिका न्यायिक समिति पगनाथ, दैलेख कर्णाली प्रदेश, नेपाल

### सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धि सुचना
**(प्रथम पटक प्रकासित मिति २०७७/०७/२१)**

यस भगवतीमाई गाउँपालिका अर्न्तगत संञ्चालन हुने संघीय सरकारबाट प्राप्त सशर्त अनुदान तर्फको **"गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम"** (MEDPA) सञ्चालनको लागि आवश्यक **"उद्यम विकास सहजकर्ता"** करारमा पदपूर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले १५ दिनभित्र तपसिल बमोजिमका आवश्यक कागजात र आवेदन दस्तुर जम्मा गरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ । साथै म्याद नाघि वा रित नपुगी आएको दरखास्त दर्ता गरिने छैन र दरखास्त आईपुग्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्नगएमा सोको भोलिपल्ट कार्यालय संचालन भएको दिन कार्यालय समय भित्र पेश गर्नुपर्नेछ ।

**तपसिल :**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०८/२०७७/०७८ | उद्यम विकास सहजकर्ता | स्थानीय सेवाको सहायक स्तर चौथो तह सरह | २ |

**१.आवश्यक न्युनतम योग्यता :**

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) वाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धि डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) वाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) वाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धि प्राविधिक प्रवेशिका परिक्षा (TSLC) उत्तीर्ण गरेको ।

घ) नेपाली नागरिक

ङ) करार सेवाको लागि कुनै पनि प्रचलित कानुनले अयोग्य नठहरिएको

च) कार्यक्रम संञ्चालन निर्देशिका २०७७ को दफा ६ को खण्ड (क) बमोजिम योग्यता भएको, श्रम सुचना बैंकमा सुचिकृत भएका र अनुभव प्राप्त व्यवक्तिहरुलाई प्राथमिकता दिईने छ ।

२. उमेर : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गताको हकमा ४० वर्ष ननाघेको)

३. दरखास्त दिने स्थान : भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय, बेस्तडा, दैलेख ।

४. दरखास्त दिने अन्तिम मिति : २०७७/०८/०५ गते कार्यालय समयभित्र ।

५. आवेदन दस्तुर : रु ३०० (तिन सय मात्र)

६. छनौटको किसिम : प्रारम्भिक योग्याक्रमको सुचि प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता ।

७. आवेदन तथा संलग्न कागजातहरु : आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु :

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

ख) न्युनत्तम योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।

ग) अनुभव सम्बन्धि कागजातहरु ।

घ) ३ प्रति पासपोर्ट साईजको फोटो ।

८. सेवा सुविधा : स्थानीय तहको सहायक स्तर चौथो तह सरह ।

९. दरखास्त फारम यस कार्यालयको Website : www.bhagawatimaimun.gov.np बाट Wownload गर्न सकिने छ वा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।